**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**पाठ्यक्रम विकास केन्द्र**

**पाठ्यपुस्तक लेखनका लागि नमुना पाठ पेस गर्नेसम्बन्धी सूचना**
**दोस्रो पटक (प्रकाशन मिति२०७६/१०/१८)**

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले प्रस्ताव गरेको आधारभूत तहको पाठ्यक्रम संरचनाबमोजिम कक्षा ६ का लागि तयार पारिएका पाठ्यक्रमअनुसार पाठ्यपुस्तक लेख्न चाहने इच्छुक लेखक वा लेखक समूहका लागि सूचना प्रकाशन गरिएकामा स्वास्थ्य तथा शारीरिक शिक्षा विषयमा पर्याप्त आवेदन नपरेको तथाप्राप्त नमुना पाठ मूल्याङ्कन गर्दा न्यूनतम प्राप्ताङ्क प्राप्त नभई छनोट हुन नसकेकाले यो सूचना प्रकाशन भएको ७ (सात) दिनभित्र देहायको सर्तमा रही पुनः नमुना पाठ पेस गर्न सम्बद्ध सबैका लागि आह्वान गरिएको छ।

**नमुना पाठ पेस गर्नुपर्ने विषय र नमुना पाठसम्बद्ध एकाइ**

| क्र.स | | नमुना पाठ पेस गर्नुपर्ने एकाइ | |
|---|---|---|---|
| | | पाठ १ | पाठ २ |
| १ | स्वास्थ्य तथा शारीरिक शिक्षा | ७. यौनिकता तथा प्रजनन स्वास्थ्य | ९. एथलेटिक्स |

**नमुना पाठ पेस गर्दा अपनाउनुपर्ने विधि र सर्त**

१. लेखक वा लेखक समूह सम्बन्धित विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त हुनुपर्ने छ। माथिल्लो योग्यता भएका वा विशेष अनुभव भएका लेखक वा लेखक समूहलाई प्राथमिकता दिइने छ। लेखक नेपाली नागरिक हुनुपर्ने छ।

नमुना पाठमा पाठसम्बद्ध सक्षमता, सिकाइ उपलब्धि, व्यवहारकुशल सिप,सिकाइका सबै तह समेटिने अभ्यास र क्रियाकलाप, प्रयोगात्मक तथा परियोजनात्मक कार्य, चित्र, ग्राफ, तालिकालगायत आवश्यक सिर्जनात्मक र समालोचनात्मक चिन्तन पक्ष उल्लेख हुनुपर्ने छ।

३. लेखक वा लेखक समूहले पाठ्यक्रमअनुकूल हुने गरी उल्लिखित क्षेत्रमा मुद्रित प्रति (तीन तीन प्रति) खामबन्दी लाहाछाप गरी रु १० को टिकट टाँसी निवेदनसहित पाठ्यक्रम विकास केन्द्रमा पेस गर्नुपर्ने छ।

४. लेखक वा लेखक समूहले योग्यताको प्रमाण पत्रको प्रतिलिपि र पूर्वकार्य/कार्यानुभवको प्रमाण तथा व्यक्तिगत विवरण(CV)एवम् स्थायी लेखा नम्बर निवेदनसाथ छुट्टै खामबन्दी गरी बुझाउनुपर्ने छ। नमुना पाठ बुझाउने निवेदनको ढाँचा, CV को नमुना र सम्बन्धित विषयको पाठ्यक्रम यस केन्द्रको वेबसाइट www.moecdc.gov.np/notice/book writing बाट प्राप्त गर्न सकिने छ।

५. नमुना पाठको मस्यौदा कम्पयुटर टाइप (१८ सेमि × २२ सेमि आकार, प्रीति वा हिमाली १६ र Times New Roman १४ प्वाइन्ट फन्ट साइज, Auto space को मूल अंश) गरी लेजर प्रिन्ट गरिएको हुनुपर्ने छ।

६. नमुना पाठ जातीय, धार्मिक, लैङ्गिक, सांस्कृतिक, भौगोलिक, अधिकारगत र अपाङ्गताका दृष्टिले सन्तुलित हुनुपर्ने छ।

७. प्राप्त नमुना पाठलाई कोडिङ गरी मूल्याङ्कन मापदण्डका आधारमा सम्बन्धित विषयका विज्ञहरूद्वारा नमुना पाठको मूल्याङ्कन गराइने छ ।

८. लेखकको योग्यता, कार्य तथा लेखन अनुभव, लेखन समूहको बनोटका लागि ३० प्रतिशत र नमुना पाठ मूल्याङ्कनलाई ७० प्रतिशत भार कायम गरी प्राप्त कुल मूल्याङ्कन नतिजाका आधारमा योग्य भएकामध्ये उच्च अङ्क ल्याउने लेखक वा लेखक समूहछनोट गरिने छ।छनोट भई सम्झौता गरिएका लेखक वा लेखक समूहलाईस्वीकृत नर्म्सअनुसारको पारिश्रमिकप्रदान गरिने छ। पाठ्यपुस्तक लेखनबापत अन्य लेखकस्व (Royalty)प्रदान गरिने छैन

९. नमुना पाठ स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्रमा रहने छ र यससम्बन्धी अन्य प्रक्रिया पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेअनुसार हुने छ।

१०. पाठ्यपुस्तकको सर्वाधिकार पाठ्यक्रम विकास केन्द्रमा सुरक्षित रहने छ। पाठ्यपुस्तकमा रहेका तथ्य तथ्याङ्कको स्रोत उल्लेख हुनुपर्ने छ।

११. उपर्युक्त सर्तहरूमा कठिनाइ आइपरेको अवस्थामा व्याख्या गर्नुपरेको खण्डमा पाठ्यक्रम विकास केन्द्रको निर्णय अन्तिम हुने छ।

१२.तोकिएको समयावधिपछि पेस हुन आएका नमुना पाठलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन ।

**थप जानकारीका लागि** फोन : ६६३४९१६, ६६३०५८८, वेबसाइट : www. moecdc.gov.np